स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड फिल्ममा नेपाली कलाकारको उपस्थिति बढ्दो छ । मनिषा कोइराला, सुनिल थापा, भोलाराज सापकोटा, झरना बज्राचार्य लगायतले हिन्दी फिल्ममा काम गरि सकेका छन् । अब चाँडै अभिनेता प्रदीप खड्काले फिल्म 'ऐरी'बाट बलिउडमा डेब्यू गर्दैछन् भने अभिनेत्री बेनिशा हमाल पनि बलिउड फिल्ममा देखिने भएकी छन् । बेनिशाले फेसबुकमार्फत् आफूले पहिलोपटक हिन्दी फिल्ममा काम गर्न लागेको जानकारी गराएका हुन् । उनले फिल्मको बारेमा विस्तृतमा जानकारी गराएकी छैनन् ।

आजको विचार...



सुशासन...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको शीर्ष भूमिका रहने फिल्म 'घरज्वाइँ' को छायांकन सुरु गरिएको छ । पूर्वी रुकुमको लुगुममा शुभसाइत पूजासहित फिल्मको छायांकन सुरु गरिएको हो । पूर्वी रुकुमको लुगुम, तकसेरा, ढोरपाटन लगायतका स्थानमा फिल्म छायांकन हुने जनाइएको छ । यो फिल्ममा दयाहाङ र मिरुनाका साथमा बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, राज थापा, कविता आले, शिला आले, अनु थापा, बिना थापा मगर, खबपु पुन, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगर लगायतले अभिनय गर्दैछन् ।



❒ वर्ष २९ ❒ अंक २०२ ❒ २०८० फागुन ७ गते सोमबार 19 February 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा 'दादुरा–रुबेला खोप अभियान'को तयारी

## १७ हजार बढी बालबालिकालाई खोप लगाइँदै

रामचन्द्र रायमाझी

पाल्पा, फागुन ६/देशभर सञ्चालनको घोषणा गरिएको 'दादुरा-रुबेला खोप अभियान' को तयारी पाल्पामा तिव्र पारिएको छ । फागुन १३ गतेदेखि २७ गतेसम्म ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई दिन लागिएको दादुरा-रुबेला रोग विरुद्ध खोप अभियान तिव्र पारिएको हो ।



स्वास्थ्य कार्यालय पाल्पाले आइतबार सञ्चारकर्मी र सरोकारवालासँग अन्तर्क्रिया गर्दै दादुरा रुबेला खोप अभियानको तयारी तीव्र रूपमा भइरहेको जनाएको छ । जिल्लामा २ सय ७९ खोप केन्द्रमार्फत १७ हजार ८ सय ४५ बालबालिकालाई खोप अभियानमा लक्षित गरिएको छ । स्वास्थ्य कार्यालयले पहिलो चरणमा फागुन १३ देखि १७ गतेसम्म रैनादेवी छहरा गाउँपालिका, रिब्दीकोट गाउँपालिका, तानसेन नगरपालिका, तिनाउ गाउँपालिका, माथागढी गाउँपालिका र बगनासकाली गाउँपालिकाका बालबालिकाहरुलाई खोप दिनेछ । फागुन २१ गतेदेखि २७ गतेसम्म जिल्लाका अन्य ४ वटा पालिकामा खोप अभियान सञ्चालन गरिने स्वास्थ्य कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीले जानकारी दिए । दोश्रो चरणमा रम्भा गाउँपालिका, रामपुर नगरपालिका, पूर्वखोला गाउँपालिका र निस्दी गाउँपालिकामा खोप अभियान सञ्चालन हुने प्रमुख गिरीले बताए । उनले भने 'अभियानलाई सफल पार्नका लागि सबै स्थानीय तह मार्फत निमन्त्रणा कार्ड समेत वितरण गरेका छौं ।' नजिकैको स्वास्थ्य संस्था तथा विद्यालयमा सम्पर्क गरी खोप लगाउने मिति र खोप केन्द्रबारे जानकारी लिन र आफ्ना बालबालिकालाई खोप लगाउन स्वास्थ्य कार्यालयले सबैमा अनुरोध गरेको छ । अभियानका लागि ५ सय ६० स्वयंसेवक खटिएका छन् भने २ सय ८० स्वास्थ्यकर्मी परिचालित छन् । स्वास्थ्य कार्यालयले अभियान सफल बनाउन जिल्लास्तरीय योजना तर्जुमा, स्वास्थ्यकर्मीहरूलाई तालिम, स्वयसेवकको लागि अभिमुखीकरण, पालिका, वडा खोप समन्वय समिति र सञ्चारकर्मीसँग अन्तर्क्रिया जस्ता कामलाई तिव्रता दिएको छ । गाउँ-गाउँमा खोपको महत्व बुझाउन सम्बन्धित क्षेत्रका व्यक्तिहरुसँग छलफल र अन्तर्क्रिया गर्दै आइएको स्वास्थ्य कार्यालयका प्रमुख गिरीले बताए । उनले भने 'हामीले यसलाई आफ्नो भविष्यसँग जोडेर हेर्नुपर्छ, धेरै मान्छेले खोपको महत्व बुझ्दैनन्, त्यसकारण सबैलाई यसको महत्व बोध गराउँदै हामीले दादुरा रुबेला खोप अभियान सफल पार्नुपर्ने छ ।' डा. गिरीले अभियानलाई सफल पार्न जिल्लाका पत्रकारहरुलाई समेत आग्रह गरे । उनले अभियान सफल बनाउन सबैको सहयोग आवश्यक रहेको भन्दै सामुदायिक स्तरमा यसको प्रचारप्रसार बढीभन्दा बढी गरिदिन सुझाव दिए । डा. गिरीले आ-आफ्ना बालबालिकाको भविष्यप्रति जिम्मेवार अभिभावकले खोपको महत्व बुझ्न र अरूलाई समेत बुझाउन जरुरी रहेको बताए । बाल मृत्युको प्रमुख कारणमध्ये दादुरा रुबेला रहने गरेको उनले बताए । यसको संक्रमणले कुपोषण, निमोनिया, इन्सेलाइटिस र विकलांगताजस्ता असर देखा पर्ने गरेको गिरीले सुनाए । यसको संक्रमणले बालबालिकाको रोग प्रतिरोधात्मक शक्ति क्षीण हुने भएकाले विभिन्न खाले संक्रमण हुने गरेको डा. गिरीको भनाई छ । एउटा संक्रमित बालबालिकाको सम्पर्कमा आउने कुनै पनि बालबालिकाले यदि खोप लिएको छैन भने सर्ने सम्भावना ९० प्रतिशतभन्दा बढी हुने उनले जानकारी दिए । खोप लिएका बालबालिकामा भने यसको संक्रमणको सम्भावना नहुने डा. गिरीको बुझाइ छ । दादुरा निवारणका लागि ९५ प्रतिशतले दादुरा खोप लगाएको हुनुपर्छ । दादुरा-रुबेला रोगबाट पूर्णरुपमा बचाउन नियमित खोपमार्फत बालबालिकालाई ९ महिना पुगेपछि पहिलो मात्रा र १५ महिना पुगेपछि दोस्रो मात्रा लगाउनैपर्छ ।

नेपालमा दादुराविरुद्धको खोप सन् १९७९ बाट लगाउन सुरु गरिएको हो । दादुराविरुद्धको खोपको एक डोजले कम्तीमा ८५ प्रतिशत प्रतिरक्षा शक्ति प्रदान गर्दछ । दुई डोजले करिब १०० प्रतिशतसम्म बालबालिकाहरू पूर्णरूपमा सुरक्षित गर्न सक्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०२२ को प्रतिवेदनले १६ प्रतिशत बालबालिकाहरू पूर्ण खोपबाट वञ्चित छन् भने ४ प्रतिशत बच्चा शून्य डोज पनि नलगाएको बताउँछ । धेरैले ९ महिनासम्म खोप लगाएपनि पूर्ण मात्राको खोप लगाउने समयसम्म ड्रप आउट भएको स्वास्थ्य कार्यालय प्रमुख डा. गिरीले बताए । तुलनात्मक रुपमा दादुराको दोस्रो मात्राको खोप लगाएको अवस्था नेपालको हेर्दा सन्तोषजनक मान्न नसकिने उनले बताए । पहिलो मात्राको खोप लगाउनेहरू ९५ प्रतिशतभन्दा बढी भए पनि ९२.८ प्रतिशतले मात्र दोस्रो मात्राको खोप लगाएका छन् । दादुरा रोग छिटो फैलिने र मृत्युदर पनि उच्च रहन्छ । १ जना दादुरा संक्रमितले १८ जना सम्मलाई रोग सार्न सक्ने डा. गिरीको भनाइ छ । खोपप्रतिको महत्व कम हुनु, खोप अभियान फितलो हुनु, खोपमा पहुँच नहुनु आदि कारणले बालबालिकाहरु खोपबाट वञ्चित हुन पुगेका छन् । कोभिड महामारीले पनि धेरै बालबालिकाहरु खोप लगाउनबाट वञ्चित हुन पुगेको अनुमान गर्न सकिन्छ । सबै बालबालिका दादुराविरुद्धको पूर्ण मात्राको खोप नपाएसम्म यो निवारणमा आउन कठिन देखिन्छ । दादुरा अति संक्रामक रोग रहेको स्वास्थ्य कार्यालयका कार्यक्रम फोकल पर्सन विश्वनाथ न्यौपानेले बताए । यो रोग कुनै पनि उमेरको मानिसहरुलाई र विशेषगरी बालबालिकालाई लाग्ने गरेको उनको भनाई छ । यो रोग संक्रमित व्यक्तिले खोक्दा, हाच्छ्युँ गर्दा वा श्वासप्रश्वासको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । सन् २०१९ सम्ममा दादुरा उन्मूलन गरिसक्ने बताएको नेपालले पछि सन् २०२३ सम्ममा दादुरा उन्मूलन गर्ने प्रतिबद्धता गरेको थियो । तर अहिले पनि यो लक्ष्य सन् २०२६ सम्मका लागि सारिएको छ । बर्सेनि दादुरा संक्रमित बिरामी पुष्टि भइरहनुले नेपालले दादुरा निवारणमा लिएको लक्ष्य भने भेट्नै कठिन देखिन्छ ।

## सक्षिप्त समाचार

### जीप दुर्घटना : एकको मृत्यु, सात घाइते



दमौली (तनहुँ), फागुन ६/ पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ नारीघाटमा शनिबार राति भएको जीप दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने सातजना घाइते भएका छन् । डुम्रेबाट आँबुखैरेनी जाँदै गरेको बा१६च ४९१८ नम्बरको बोलेरो जीप अनियन्त्रित भई सडक छेउमा पल्टिँदा जीपमा सवार चितवनको इच्छाकामना गाउँपालिका-६ का २२ वर्षीय सागर गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिए । गुरुङको पुरानो मेडिकल कलेज चितवनमा उपचारका क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा चितवनको इच्छाकामना-५ का २२ वर्षीय डम्बरबहादुर गुरुङ, सोही ठाउँका २४ वर्षीय कमल गुरुङ, ४६ वर्षीय रुद्रबहादुर चेपाङ, १८ वर्षीय जित गुरुङ, इच्छाकामना-६ बस्ने १९ वर्षीय रुपक गुरुङ, भरतपुर महानगरपालिका-२९ बस्ने टेष्टबहादुर गुरुङ र गोरखाको सहिद लखन गाउँपालिका-३ बस्ने ३० वर्षीय पूर्ण गुरुङ घाइते भएका छन् । घाइतेमध्ये छ जनाको पुरानो मेडिकल कलेजमा उपचार भइरहेको छ भने पूर्ण गुरुङ उपचारपश्चात घर फर्किएको प्रहरीले जनाएको छ । जीप चालक प्रहरी नियन्त्रणमा रहेको जनाइएको छ । -रासस

# नेपाल मुद्रण उद्योग महासंघ लुम्बिनीको अध्यक्षमा घिमिरे



दाङ, फागुन ६/नेपाल मुद्रण महासंघ लुम्बिनी प्रदेशको अध्यक्षमा रुपन्देहीका घनश्याम घिमिरेले विजयी भएका छन् । महासंघको दाङमा भएको दोस्रो अधिवेशनबाट बाँकेका ज्योति भण्डारीलाई पराजित गर्दै घिमिरे अध्यक्षमा निर्वाचित भएका हुन् ।

निर्वाचित घिमिरेले ४० मत प्राप्त गरे भने उनका प्रतिद्वन्दी भण्डारीले १६ मत प्राप्त गरे । अध्यक्ष पदका लागि ५६ मत खसेको थियो । अन्य पदमा भने निर्विरोध निर्वाचित भएका छन् ।

संघको वरिष्ठ उपाध्यक्षमा गिरीराज आचार्य (दाङ), अर्का उपाध्यक्षमा हरिप्रसाद ज्ञवाली (बाँके) महासचिवमा लीलाधर लुईटेल (रुपन्देही), सचिवमा बाल गोविन्द चौधरी (दाङ), कोषाध्यक्षमा मेघराज सिरदेल (बर्दिया) निर्विरोध निर्वाचित भएका हुन् । यस्तै सदस्यहरुमा जगदीश भट्टराई (पाल्पा), लक्ष्मीप्रसाद शर्मा (प्युठान), धनेन्द्र चौधरी (बाँके), मधुसुधन अर्याल (रुपन्देही), मानसिंह विक (रोल्पा), नारायण प्रसाद अधिकारी (बर्दिया), शालिकराम बस्नेत (दाङ), गुमानप्रसाद पाण्डे (कपिलवस्तु) सर्वसम्मत निर्वाचित भएको निर्वाचन अधिकृत खेम लुईटेलले जानकारी दिए ।

# प्रजातन्त्र दिवस, देशभर मनाइँदै

## आज सार्वजनिक विदा

पाल्पा, फागुन ६/आज ७४ औं प्रजातन्त्र दिवस देशभर विविध कार्यक्रम गरी मनाइँदैछ । जनक्रान्तिका माध्यमबाट एक सय चार वर्षको राणाशासन अन्त्य गरी देशमा प्रजातन्त्र घोषणा भएको दिनको स्मरणमा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने गरिएको हो ।




दिवसका अवसरमा सरकारले औपचारिक समारोहका साथ दिवस मनाउँदै आएको छ । सरकारले फागुन ७ को ऐतिहासिक दिनको महत्वलाई जनस्तरमा पुर्‍याउन फागुन ६ गतेदेखि नै विविध कार्यक्रम आयोजना गर्दै आएको छ । सरकारले भोलिसम्म विविध कार्यक्रम आयोजना गरी भव्यरुपमा प्रजातन्त्र दिवस मनाउने छ । दिवसका अवसरमा सोमबार सरकारले सार्वजनिक विदा समेत दिएको छ । प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै मुलुकमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको छ । प्रजातन्त्र स्थापनाका लागि भएको संघर्षमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठले विसं १९९७ माघमा बलिदानी दिएका थिए । (...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सम्पादकीय

# प्रजातन्त्र दिवसको सन्दर्भ

आज जहानियाँ राणा शासनको अन्त्य भएको ऐतिहासिक दिन । फागुन ७ महान् जनक्रान्तिमार्फत् नेपाली समाजलाई राणा शासनको दासताबाट मुक्त गरी आधुनिक युगमा प्रवेश गराउन ढोका खुलेको दिन हो । जसलाई प्रजातन्त्र दिवसका रुपमा मनाउने गरिन्छ । प्रजातन्त्र प्राप्तिका लागि योगदान दिएका महान् योद्धा र उनीहरुको सपनालाई साकार पार्ने संकल्पका साथ हरेक वर्ष विभिन्न राजनीतिक दल र सरकारले विभिन्न कार्यक्रम गरी २००७ फागुन ७ गतेको स्मरण गर्छन्, र प्रजातन्त्र दिवसको महत्वबारे व्याख्या गर्छन् । तर, दुखको कुरा ! प्रजातन्त्रको मर्म र भावना कसैले आत्मसात् गर्न सकेका छैनन् । जसका कारण प्रजातन्त्रले निर्दिष्ट गरेको लक्ष्य हासिल हुन सकेको छैन । बरु दलका नेताहरूको अदूरदर्शिता, दीर्घकालीन सोचको अभाव र आपसी खिचातानीले प्राप्त उपलब्धि नै बेलाबखत गुम्दै आएको छ ।

आजका दिनसम्म पनि प्रजातन्त्र कहिले गुम्दै र कहिले पुन:स्थापित हुने श्रृंखला चलिरह्यो । अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएको छ । शब्दमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे भनिए पनि आजको राजनीतिक परिवर्तनको जग भनेको २००७ सालमा स्थापित प्रजातन्त्र नै हो । राणा र शाही शासनकालको अन्त्यपश्चात् पनि दलहरुले मुलुकलाई सही गन्तव्य र विकासको मार्गमा अघि बढाउन सकेका छैनन् यो हामी सबैका लागि ठूलो दुर्भाग्य हो । नेपालमा प्रजातन्त्रको घोषणा भएको ७३ वर्ष पुगेको छ । तर अहिले सम्म पनि जनताको न्यूनतम अपेक्षा पनि सुनिश्चित हुन सकेको छैन । राजनीतिक, आर्थिक, सामाजिक असुरक्षा र अस्थिरताको भय जनतामा देखिन्छ । जबसम्म संविधानसभाबाट नयाँ संविधान निर्माण र त्यसको कार्यान्वयनको ग्यारेन्टी हुँदैन, तबसम्म जनता यो मनोवैज्ञानिक त्रासबाट मुक्त हुन सक्दैनन् । त्यसकारण राजनीतिक नेतृत्वका सामु नयाँ संविधान निर्माण र कार्यान्वयनको ऐतिहासिक कार्यभार पूरा गर्ने दायित्व छ । बृहत्तर दलीय सहमतिको आधारमा संविधान कार्यान्वयन गरी मुलुकलाई स्थायित्व र विकासको बाटोमा लैजानु अहिलेको आवश्यकता हो । जसका लागि दलहरूले इमानदार प्रयत्न गर्न आवश्यक छ । त्यसो भयो भने प्रजातान्त्रिक योद्धाहरूको सपना पूरा हुनुका साथै प्रजातन्त्र दिवस मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

जति शुद्ध हुन्छु भने पनि कुहिएकाहरुको भिडमा परे
आखिर एक एकदिन गनाउनु नै पर्छ ।।
संगत र श्रवण सबैको गरौं, सिको र अनुशरण बुझेर मात्र गरौं त्यसमा सबैको भलो हुनेछ ।
(पदम सोमैको फेसबुक स्टाटसबाट https://www.facebook.com//padam.somai.7)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासन, समृद्धि र नेपालको राजनीति



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

असल शासन, विधिको शाशन, कानुनी राज्यको अभ्यास, सदाचार, भ्रष्टाचाररहित सेवा प्रवाह आदिको थालनीले सुशासनको अनुभुति गराउने गर्दछ भने सुशासन भन्ने बित्तिकै यिनै पक्षहरु अगाडि आउने गर्दछन् । नागरिकको कल्याण र सन्तुष्टिमा अभिवृद्धि गर्ने आधार पनि हो सुशान । पछिल्लो समय नेपाल लगायत विश्वका हरेक देशमा समृद्धि, सुशासन र देशको राजनीतिक व्यवस्थालाई महत्व तथा बहसका रुपमा लिने गरेको देखिन्छ । नेपालमा भने हरेक शासन व्यवस्था होस् या सरकारहरु नै किन नहोस् सुशासन स्थापित गर्ने र समृद्धि प्राप्तिका कुरामा पहिलो प्राथमिकता र प्रतिवद्धताको रुपमा अगाडि सारेको देखिन्छ तर दशकौ समय बेथित हुँदा पनि राजनीतिक दलले घोषणा गरे अनुकुल सुशासन र समृद्धि प्राप्तिको अनुभुती सर्वसाधरण जनताले गर्न पाएको भने देखिदैन् । पछिल्लो समय सरकारले सञ्चालन गरेका योजना तथा कार्यक्रमलाई मुर्त रुप दिन, आर्थिक विकास, आर्थिक समृद्धि, आर्थिक वृद्धिको आधार तय गर्ने महत्वपूर्ण पक्षको रुपमा पनि सुशानलाई लिन थालिएको पाईन्छ । सुशासन, समृद्धि प्राप्ति र देशका नेतृत्व कर्ता राजनीतिक दल एक अर्कासँग सम्बन्धित विषय बस्तु जस्तै लाग्न थालेका छन् । यहाँ यसैसँग संम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

स्वेच्छाचारी, साशक र दल मुखी, सिमित वर्गको आदेशमा सञ्चालन हुने निर्देशात्मक, स्वार्थयुक्त साशन व्यवस्थाबाट माथि उठी जवाफदेहिता, पारदर्शिता र उत्तरदायी साशन व्यवस्थाको समग्र रुप हो सुशासन । सुशासन एउटा आयाम मात्रै हैन साशन सञ्चालन गर्ने विधि र समृद्धि तय गर्ने आधार पनि हो । असल साशनको रुपमा लिईने सुशाशनको सर्वप्रथम प्रयोग विश्व बैंकले स.न १९८९ मा अफ्रिकन मुलुकहरुको विकास आयोजनाको कार्यान्वयन पक्षलाई लिएर गरेको पाइन्छ । नेपालमा यसको प्रयोग सन् १९९० मा दिगो विकास र गरीबी न्यूनिकरणसँग सम्बन्धित बहस तथा यससँग सम्बन्धित योजना र कार्यक्रमहरुको सञ्चालनमा पहिलो पटक प्रयोग भएको देखिन्छ । सुशासनले विशेष गरेर जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व,कानुनी साशन, आवधिक निर्वाचन, भ्रष्टाचार नियन्त्रण,लैङ्गिग सशक्तिकरण, समानता र समता जस्ता पक्षलाई जोड दिने गर्दछ भने यसबाट आथिक समृद्धि र राजनीतिमा नैतिकता भित्रने मार्ग तय हुने देखिन्छ ।

**सुशासन र समृद्धि :**

समृद्धि र सुशासन एक अर्काका परिपुरक जस्तै हुन् । सुशासन विना र समृद्धिको आधारतय गर्न सकिदैन । समृद्धिले जनताको सन्तुष्टि, खुशी र कल्याणमा वृद्धि जस्ता पक्षलाई हेर्ने गर्दछ भने सुशासनले यी पक्ष प्राप्तिमा सहयोगी भूमिका निवार्ह गर्नमा सहयोग पुर्‍याउने गर्दछ । सुशासन र समृद्धि यी दुई

***संविधान, विद्यमान ऐन, नीति अनुकुल कार्यशैलीमा रुपान्तरण गर्नु नेतृत्व कर्ताको प्राथमिकता र ध्यान दिनुपर्ने पक्षको रुपमा रहेको देखिन्छ । राज्यको नयाँ सरचना र अभ्याससँगै नेपालमा राजनीतिक हस्तक्षेप, भागबण्डा, स्वेच्छाचारी प्रवृत्तिले अत्याधिक प्रसय पाएको जनमानसमा गुनासो र बहस सुनिने गर्दछ । यसले नेपालको समृद्धि प्राप्तिको दिशामा समस्या मात्रै होईन अबरोध नै उत्पन्न गराउने र सरकार तथा राजनीतिक दलका सुशासन स्थापित गर्ने नारा नारामै सिमित रहन पुग्दछ । आर्थिक समृद्धि, राज्य सञ्चालन र सेवा प्रवाहका कुरा गर्ने तर सुशासनको अभ्यास नहुँदा योजना र कार्यक्रमहरु असफल सावित भएको देखिन्छ । समृद्धि प्राप्तिका लागि नेपालमा जटिल समस्याको रुपमा देखिएको छ भ्रष्टाचार नियन्त्रण र न्युनिकरण गर्न नसक्नु । जिम्मेवार निकाय र नेतृत्वबाट यसलाई प्रोत्साहन गर्नु, संरक्षण गर्नु, ढाकछोप गर्नु, नीतिगत भ्रष्टाचार बढाउँदै लैजानु एउटा कारण बन्ने गरेको छ ।***

पक्षमा आएको सुधारले जनताको दैनिकी र जीवनस्तरमा सुधारको मार्ग तय गर्ने गर्दछ भने यसका लागि देश भित्र आर्थिक, सामाजिक, साँस्कृतिक, परम्परागत पक्ष, राजनीतिक तथा जनताको सचेतना लगायतका कुराहरुमा सकरात्मक सुधार हुनु जरुरी देखिन्छ । समृद्धिको पक्षहरु प्राप्ति र यसको सुचकको सुधारमा सहयोग पुर्‍याउने एउटै आधार बन्ने गर्दछ सुशासन ।

**समृद्धि, सुशासन र नेपालको राजनीति :**

समृद्धि प्राप्ति र सुशासन स्थापित गर्ने सवालमा देश भित्रको राजनीतिको भूमिका उल्लेख्य देखिन्छ तर नेपालको साशन सञ्चालनको नेतृत्व गर्ने राजनीति दलले यस पक्षमा सकरात्मक योगदान दिन सकेको देखिदैन् । आर्थिक वृद्धि र समृद्धि तथा सुशाशनका चर्को भाषण गर्ने, नीति बनाउने तर कार्य शैली र व्यवहारमा सुधार वा समय अनुकुल परिवर्तन गर्न नसक्दा सुशासन स्थापित र समृद्धि प्राप्तिमा नेपालको राजनीतिक दलहरु तीनका नेतृत्व कर्ता चुकेको देखिन्छन् । संविधान, विद्यमान ऐन, नीति अनुकुल कार्यशैलीमा रुपान्तरण गर्नु नेतृत्व कर्ताको प्राथमिकता र ध्यान दिनुपर्ने पक्षको रुपमा रहेको देखिन्छ । राज्यको नयाँ सरचना र अभ्याससँगै नेपालमा राजनीतिक हस्तक्षेप, भागबण्डा, स्वेच्छाचारी प्रवृत्तिले अत्याधिक प्रसय पाएको जनमानसमा गुनासो र बहस सुनिने गर्दछ । यसले नेपालको समृद्धि प्राप्तिको दिशामा समस्या मात्रै होईन अबरोध नै उत्पन्न गराउने र सरकार तथा राजनीतिक दलका सुशासन स्थापित गर्ने नारा नारामै सिमित रहन पुग्दछ । आर्थिक समृद्धि, राज्य सञ्चालन र सेवा प्रवाहका कुरा गर्ने तर सुशासनको अभ्यास नहुँदा योजना र कार्यक्रमहरु असफल सावित भएको देखिन्छ । समृद्धि प्राप्तिका लागि नेपालमा जटिल समस्याको रुपमा देखिएको छ भ्रष्टाचार नियन्त्रण र न्युनिकरण गर्न नसक्नु । जिम्मेवार निकाय र नेतृत्वबाट यसलाई प्रोत्साहन गर्नु, संरक्षण गर्नु, ढाकछोप गर्नु, नीतिगत भ्रष्टाचार बढाउँदै लैजानु एउटा कारण बन्ने गरेको छ । जतीसुकै राम्रा बजेट, योजना तथा कार्यक्रम बनाएता पनि त्यसको राम्रोसँग कार्यान्वयन गर्न सकिएन भने त्यसबाट सम्वन्धित पक्षले लाभ लिन सक्दैन । परिणमस्वरुप व्यवस्था र सरकारप्रति जनमानसमा निरासता उत्पन्न गराउने गर्दछ । यसका लागि समृद्धि र सुशासनलाईसँग सँगै हिडाल्नु जरुरी देखिन्छ भने हिडाल्ने दायित्व र कर्तव्य राजनीतिक दल र नेतृत्वको हातमा रहेको छ ।

**समृद्धि र सुशासन स्थापित गर्न के गर्ने त ?**

- राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकमा नैतिकताको भावना विकास गर्ने ।
- ऐन नियमको पालनमा राजनीतिक नेतृत्वलाई प्रतिवद्ध बनाउने ।
- नीतिगत निर्णयबाट गरिने बेथितिको अन्त्य गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सर्तकता केन्द्र, सम्पति शुद्धिकरण जस्ता निकायलाई सक्रिय तुल्याउने ।
- ऐन नियमको पूर्ण पालना गराउने ।
- मन्त्री परिषदबाट हुने निर्णय गत बेथितिको छानबीन र कारवाही गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- तजवीजका आधारमा गरिने निर्णयमा नियन्त्रण गर्ने ।
- हरेक निकायमा उत्तरदायित्व र जिम्मेवारीको भावना विकास गर्ने ।
- राज्यका निकायहरुमा देखिने एकाधिकारको अन्त्य गर्ने ।
- आवश्यक ऐन नियमहरु तत्काल जारी गर्ने ।
- संघीय संक्रमणकालीन अबस्थाको अन्त्य गर्ने ।
- प्रदेश र स्थानीय तहमा देखिएका बेथिति नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्ने ।
- व्यवस्थापकीय परीक्षण, लेखा परीक्षण ,सामाजिक परीक्षणलाई औपचारिकतामा सिमित नराख्ने ।
- सार्वजनिक सुनाईलाई विशेष महत्व दिने ।
- गुनासो सुनाई र यसको कार्यान्वयनमा जोड दिने ।
- विशेष अनुदान , पुरक अनुदान तथा सर्शत अनुदानलाई व्यवस्थित गर्ने ।
- पार्दशिता र जवाफदेहितामा प्राथमिकता दिने ।
- भ्रष्टाचारमा नियन्त्रण गर्ने ।
- विकास आयोजना तय गर्दा अनिवार्य लाभ/लागत विश्लेषण गर्ने ।
- आवशयकता र औचित्यका आधारमा योजना निर्माण गर्ने ।
- तीनै तहको सरकारको आर्थिक प्रारदर्शिता र खर्चलाई व्यवस्थित गर्न कानुनी व्यवस्था गर्ने ।
- सुशासन र समृद्धिसँग सम्बन्धित संस्थाहरुमा सुधार गर्ने, अधिकार प्रत्योजनमा जोड दिने ।

**निष्कर्ष :**

आर्थिक समृद्धि ,सुशाशन र राजनीति एक अर्काका परिपुरक जस्तै हुन् । समृद्धि र सुशासन पारस्परिक विषय वस्तुका रुपमा रहेका छन् भने ती दुवैको प्राप्तिमा राजनीतिको महत्वपूर्ण भूमिका रहने गर्दछ । सुशासन विना समृद्धि प्राप्त गर्न र राजनीतिमा नैतिकता भित्र्याउन सकिदैन । त्यसैले हरेक राजनीतिक नेतृत्व, कर्मचारी प्रशासनले सुशासनलाई प्राथमिकतामा राखेर कार्य सञ्चालन र निर्णय गर्नु जरुरी देखिन्छ ।

सुशासनको अभ्यास भयो भने समृद्धिको ढोका खुल्दछ, ढोका खोल्ने वा बन्द गर्ने जिम्मा राजनीतिक दलमा रहेको छ । सुशासन स्थापित ,समृद्धि प्राप्ति र राजनीतिलाई नीति र नैतिकवान बनाउन सम्बद्ध सम्पूर्ण पक्ष आ-आफ्नो ठाउँबाट लाग्नु आजको आवश्यकता हो ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सफलताले हौसला जगाउनेछ पछिका लागि विशेष काममा मौका छ । | **तुला** : भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । |
| **वृष** : शुभचिन्तकहरूले साथ दिनेछन्। राम्रै उपलब्धि दिलाउनेछ । | **वृश्चिक** : आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । |
| **मिथुन** : हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ । | **धनु** : कामको सन्दर्भमा प्रतिष्ठितहरु सँग सहकार्य गर्ने अवसर जुट्नेछ । |
| **कर्कट** : सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । | **मकर** : चुनौतीहरू स्वत: हट्नेछन् भने सफलताले पछ्याउनेछन् । |
| **सिंह** : मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सम्मान प्राप्त हुनेछ । | **कुम्भ** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ । |
| **कन्या** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | **मीन** : दिन लाभदायक र मनोरञ्जनपूर्ण र हुँनेछ । रमाइलो भेटघाट हुँनेछ । |



# विद्यार्थी घटेपछि सामुदायिक विद्यालयलाई आवासीय बनाइँदै




पर्वतको फलेवास नगरपालिका-५ खानीगाउँस्थित चितिपानीमा रहेको ध्रुव नमुना माविलाई आवासीय विद्यालयका रुपमा सञ्चालन गरिने भएको छ । आगामी शैक्षिकसत्रदेखि बालकक्षादेखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई आवासीय सुविधा दिन थालिएको हो । गत माघ २५ गते भएको अभिभावक भेलाले विद्यालयबाट गुणस्तरीय र प्रभावकारी शिक्षा दिनका लागि आवासीय बनाएर अघि बढ्नुपर्ने निष्कर्ष निकालेको थियो । यही फागुन २ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकले आगामी शैक्षिकसत्र (२०८१) देखि बालकक्षादेखि कक्षा १० सम्म यातायातको सुविधासहित आवासीय विद्यालयका रुपमा सञ्चालन गर्ने निर्णय गरेको छ । विद्यालयमा असहाय, अनाथ, टुहुरा, विपन्न, गरीब तथा जेहेन्दार विद्यार्थी एवं अन्य इच्छुक बालबालिकालाई निःशुल्क आवास साथै खाना, पोशाक र स्टेशनरी सुविधा दिएर आवासीय बनाउन थालिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक पौडेलले जानकारी दिए । उनका अनुसार भर्ना हुन आउने सबैको गरेर आवासीय सुविधा उपलब्ध गराइने छ ।

विद्यालयमा विद्यार्थीको संख्या घट्दै जान थालेपछि उक्त विकल्प निकालिएको पौडेलले बताए । “प्रत्येक वर्ष विद्यार्थीको संख्या घट्दै जान थालेको छ”, उनले भने, “विद्यार्थीको आकर्षण बढाउनका लागि आवासीय सुविधाको योजना ल्याएका हौं ।” उनका अनुसार मावि तह सञ्चालन भएको यस विद्यालयमा अहिले ४० जना विद्यार्थी छन् । विभिन्न अवसरको खोजीमा युवापुस्ताले गाउँ छाडेपछि विद्यार्थीको संख्या न्यून हुँदै गएको स्थानीय जनप्रतिनिधि गिरिराज शर्माले बताए । निजी विद्यालय जस्तै अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने, शिक्षकको क्षमता विकास गर्ने, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउनका लागि आवासीय विद्यालयको अवधारणा ल्याइएको उनको भनाइ थियो ।

आगामी शैक्षिकसत्रदेखि बालकक्षादेखि कक्षा १० सम्म नै भर्ना हुने नयाँ वा पुराना विद्यार्थीलाई आवासीय सुविधा दिइने भएको छ । विद्यालयले दक्ष र अनुभवी शिक्षकबाट अध्यापन गराउने, सम्पूर्ण विद्यार्थीलाई पोशाक, शैक्षिक सामग्री र खाना, खाजाको व्यवस्थासमेत निःशुल्क गर्ने प्रधानाध्यापक झलक शर्मा पौडेलले बताए । उनका अनुसार खेलकुद सामग्री र स्वच्छ खानेपानीको व्यवस्था हुनेछ । विद्यार्थीलाई साप्ताहिकरूपमा अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने, कक्षा ६ देखि १० सम्म कम्प्युटर विज्ञानको कक्षा सञ्चालन गर्दै आइएको छ । यहाँ विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयकोसमेत व्यवस्था रहेको उनले बताए । आर्थिक अभावले विद्यालय तथा शिक्षाबाट वञ्चित बनेका मुलुकभित्रका जुनसुकै जिल्लाका असहाय, अनाथ, विपन्न, गरीब तथा जेहेन्दार विद्यार्थीले यहाँ अध्ययन गर्नसक्ने प्रअ पौडेलले जानकारी दिए । सबै सुविधा निःशुल्क हुने भएकाले पढाइबाट बञ्चित बालबालिकालाई अभिभावकले सहजीकरण गरेर विद्यालयसम्म ल्याउनुपर्नेमा उनले जोड दिए । आवासीय सुविधा सञ्चालनका लागि फलेबास नगरपालिका लगायत विभिन्न सरोकारवाला पक्षसँग स्रोतको खोजी भइरहेको विद्यालयले जनाएको छ । यसअघि पर्वतको महाशिला गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा पूर्णकालीन तथा आंशिक आवासीय सुविधा दिएर सञ्चालन गरिएको छ । *-रासस*

# पढ्दै कमाउँदै : विद्यार्थी चित्रकलामा रमाउँदै



तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत मनिषा भुजेल चित्रकलाको सीप सिकेपछि उत्साहित छिन् । चित्रकलामा रुचि भए पनि सिक्ने अवसर नपाएकी उनी हाल आफैँले चित्र कोर्नसक्ने भएकी छिन् । आफैँले बुनेको बाँसको नाङ्लोमा समेत चित्र बनाएकी उनले पहिलो प्रयासमै राम्रो प्रतिक्रिया पाएको बताइन् । उनले भनिन्, “चित्र कोर्न पहिल्यैदेखि एकदमै मनपर्थ्यो, सिक्ने अवसर पाएकी थिइन्, अहिले चित्रकलाको सीप सिकेपछि उत्साहित छु ।” बाँसको नाङ्लोमा कोरेको चित्र गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनीमा राख्दा धेरैले राम्रो प्रतिक्रिया दिएको उनको भनाइ छ । उनले भनिन्, “कस्तो राम्रो चित्र बनाएको भनेर धेरैले हौसला दिनुभयो, मलाई यसमा लाग्न अझ प्रेरित गरेको छ ।” भुजेलले बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको चित्र कोरेकी छिन् । भविष्यमा चित्रकलालाई निरन्तरता दिने र चित्र बिक्री गरी पढाइ खर्च व्यवस्थापन गर्ने सोच बनाएको भुजेलले बताइन् । उनले भनिन्, “मैले अब चित्रकलालाई आम्दानीको स्रोत बनाउने सोच राखेको छु ।”

कक्षा ११ मा अध्ययनरत भुजेलले पहिलो महिनावारीको अवस्थालाई चित्रमार्फत चित्रण गरेकी छिन् । महिनावारी प्राकृतिक कुरा भएकाले लजाउन हुँदैन भन्ने सन्देश दिन सोहीअनुसारको चित्र कोरेको उनले जानकारी दिइन् । उनले भनिन्, “महिनावारी भएका बेला लजाउने प्रवृत्ति छ, यो सामान्य कुरा हो लजाउन हुँदैन भन्ने सन्देश दिन चित्र बनाएको छु ।” कक्षा ११ मा अध्ययनरत दिपक देवकोटाले ऐनापहरा र हात्तीको आकृतिलाई चित्रमार्फत उतारेका छन् । गाउँपालिका भित्रका पर्यटकीयस्थललाई चित्रमार्फत प्रवर्द्धन गर्न त्यसलाई कागजमा उतारेको उनले बताए । उनले भने, “चित्रकलालाई आम्दानीको स्रोत बनाउने लक्ष्यसहित चित्र बनाउन सिकेको हुँ ।” उनीहरु जस्तै कक्षा ११ मा अध्ययनरत २० विद्यार्थीलाई चित्रकला सिकाइ तालिम दिइएको छ । ‘पढ्दै कमाउँदै’ कार्यक्रम अन्तर्गत आँबुखैरेनी गाउँपालिकाले चित्रकला सिकाइ तालिम प्रदान गरेको हो । विद्यार्थीलाई पढाइसँगै सीप सिकाएर आत्मनिर्भर बनाउन यो कार्यक्रम ल्याइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यार्थीको अतिरिक्त क्रियाकलापलाई उजागर गर्ने र पढ्दै कमाउँदै भन्ने उद्देश्यलाई सार्थकता दिन विद्यालयमा चित्रकला कक्षा सञ्चालन गरिएको चुमानको भनाइ छ । सैद्धान्तिक पढाइसँगै व्यावहारिक शिक्षालाई पनि समानान्तररुपमा अघि बढाउने योजनासहित पालिकाको विभिन्न कार्यक्रममध्ये चित्रकलालाई पनि प्राथमिकतामा राखेर कार्यक्रमलाई अघि बढाइएको चुमानले बताए । उनले भने, “चित्रकला सिकाइले विद्यार्थीको कलालाई उजागर गर्नुका साथै विद्यार्थीमा रचनात्मक र सिर्जनात्मक कार्य गर्न प्रेरणा मिल्छ, चित्रकला आम्दानीको स्रोत बन्नसक्छ भनेर यसलाई अगाडि बढाएका हौं ।” गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार पढ्दै कमाउँदै कार्यक्रममार्फत विद्यालयमा चित्रकला तालिम प्रदान गरिएको प्रशिक्षक पवन नेपालीले जानकारी दिए । उनले भने, “पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत विभिन्न सीप सञ्चालन भइरहेका छन्, सोहीबमोजिम विद्यार्थीलाई चित्रकला सिकाइएको हो ।” विद्यार्थीको सक्रिय सहभागिता र सिकाइले उत्साहित बनाएको नेपालीको भनाइ छ । उनले भने, “विद्यार्थीले बनाएको चित्र खरिदका लागि माग आइसकेको छ, यसलाई व्यवस्थित गर्न सकिए चित्रकला आम्दानीको राम्रो माध्यम बन्नेछ ।” उनका अनुसार गाउँपालिकाभित्रका अन्य विद्यालयमा पनि चित्रकला प्रशिक्षण सञ्चालन गरिनेछ । विद्यार्थीले सामाजिक हिंसा, गाउँपालिकाभित्रका पर्यटकीयस्थल, समाजमा हुने घटना न्यूनीकरणजस्ता विषयलाई चित्रमार्फत वर्णन गरेका छन् । *-रासस*

# म त ठूलो भइसकें, कहाँ बालबालिकाका पुस्तक पढ्ने !

**अनुराधा**

‘अब त म ठूलो भइसके नि ! म कहाँ बालबालिकाको पुस्तक पढ्छु त ? भोलि साथीभाइसित भेट्दा वा किनेर ल्याएका पुस्तकहरूको फोटो सामाजिक सञ्जालमा राख्दा मैले पारिजात र मुराकामी, देवकोटा, हरारी र भरजिनिया वोल्फ जस्ता लेखकहरूका भारीभरकम विषय बोकेका मोटा मोटा पुस्तकहरूबारे ठूला ठूला गफ दिनुपर्छ । कहाँ बच्चा जस्तो चित्रै चित्रले भरिएका कल्पनामा आधारित भूत, मुसा र जादुको कुरा गर्नु ?’ हुनसक्छ तपाईंलाई पनि बेलाबखत यस्तो लाग्दो हो । यस्तो लाग्नुमा तपाईंको खासै दोष पनि छैन । कुरा के भने नि, हामी वयस्कहरू बालबालिका भन्दा धेरै परिपक्व छौं भन्ने कुरामा विश्वास गर्दछौं र त्यसलाई सधैं आफ्नो व्यवहारद्वारा प्रमाणित गर्नेतर्फ लागिपरेका हुन्छौं । हामीले हरेक क्रियाकलापलाई ‘परिपक्व’ र ‘अपरिपक्व’को नजरले हेर्छौं र सोही अनुसार मूल्याङ्कन गर्दछौं । त्यसैको नतिजास्वरूप हामीले ती बाल्यकालका प्रायः सबैजसो गुणहरूलाई अब ‘अपरिपक्व’ को संज्ञा दिएका छौं । निष्फिक्री भएर हाँस्नु, लुकेर साथीलाई तर्साउनु, पानीमा रुझ्नु वा जिब्रो निकालेर साथीलाई जिस्क्याउनु जस्ता तिनै ‘अपरिपक्व’ कुराहरूको सूचीमध्येको एउटा कुरा कतै वयस्कले बालपुस्तक पढ्दैनन् र पढ्नुहुँदैन भन्ने त होइन ? नत्र किन एकातिर हामी पठन संस्कृतिको विकास हुनुलाई परिपक्वताको संकेत मानेर हाम्रा बालबालिकालाई बालपुस्तक पढ्न प्रोत्साहन गर्दछौं भने अर्कोतिर बालसाहित्यका पुस्तकलाई आफ्नो बौद्धिकताभन्दा तलको विषय मानेर प्राथमिकताभित्र पार्दैनौं र आफैं चाहिं पढ्दैनौं ? २०१७ सालमा गरिएको एउटा अनुसन्धानले पुरुषहरू ३९ वर्ष र महिलाहरू ३५ वर्ष पार गरेपछि ‘नीरसताको शिखर’मा पुग्दछन् भन्ने प्रमाणित गरेको छ । वैज्ञानिकहरूका आधारमा यसो हुनुका विभिन्न कारणमध्ये एक प्रमुख कारण मानसिक तनाव पनि हो । तनावरहित हुन विश्व प्रसिद्ध एनिमेटेड फिल्म ‘लायन किङ’ मा भएको एउटा गीतले समस्याबाट मुक्त हुने दर्शन सिकाउँछ- हकुना मटाटा अर्थात् ‘चिन्ता नगर्नुस्’ ।

अब हकुना मटाटाकै स्थितिमा पुग्न त उही बाल्यकालमै फर्किनुपर्ला र विज्ञानले विकासमा जति नै ठूलै फड्को मारेको भए तापनि शारीरिक रूपमा अहिले हामी ‘टाइम ट्राभल’ गरेर बाल्यकालमा फर्किन सक्दैनौं । तर मानसिक रूपमा भने हकुना मटाटाकै स्थितिमा फर्किन एउटा सजिलो उपाय छ । त्यो हो, बालसाहित्यका पुस्तकहरू पढ्ने । केही वर्षअघि लेखक तथा शिक्षाविद् क्याथरिन रुन्डेलले वयस्क पाठकहरूका लागि लेखेको रमाइलो र प्रेरक निबन्ध ‘वृद्ध र धेरै ज्ञानी हुँदाहुँदै पनि तपाईंले बाल पुस्तकहरू किन पढ्नुपर्छ ?’ मा लेखेका शब्दहरू सापट लिएर भन्नुपर्दा– ‘बालबालिकाका पुस्तकहरूले एकखालको आशा जगाउँछन् । ती कथाहरूले ‘हेर, बहादुरी भनेको यस्तो हुन्छ, उदार हुनु भनेको यस्तो हो, संसार ठूलो छ, आशा गर्नु जरूरी छ, बहादुर र बुद्धिमान हुँदा फरक पर्छ, समानुभूतिले असर पार्दछ, प्रेमले अर्थ राख्दछ’ भन्ने कुरा सिकाउँछन् । यी कुराहरूले साँच्चिकै फरक पार्दछ वा पार्दैन, मलाई थाहा छैन । तर म विश्वास गर्दछु कि यी सबै कुराहरूले अवश्य फरक पार्दछन् ।’ उमेरसँगै हाम्रो जीवनका भोगाइहरूले नै हामीमा नीरसता र निराशा बढाउँदै लैजान्छ । घर, कार्यालय र अन्य स्थानमा आफूलाई विभिन्न भूमिकामा प्रस्तुत गर्दै गर्दा, आफ्ना खुसीहरू भुलेर अरूलाई खुसी पार्ने प्रयास गर्दै गर्दा हामी सामाजिक सम्मान र परिपक्वताको खोल ओढ्न थाल्छौं र बालापनका आफ्ना ती निस्वार्थ र निश्चल विशेषता र गुणहरूलाई दबाउन पुग्दछौं । यी सबै त्यस्ता कुराहरू हुन् जसबाट हाम्रो विश्वास उठिसकेको छ । नतिजास्वरूप, हामी आफूभित्र भएका प्रेम, विश्वास, चञ्चलता र सरलता जस्ता अद्भुत गुणहरूलाई डर, अविश्वास, पूर्वाग्रह, शंका र स्वार्थमा प्रतिस्थापन गर्दै जान्छौं । वयस्क भएर हामीले हरेक कुरालाई जटिलता र पूर्वाग्रहको चस्माले हेर्ने गर्छौं भने बालबालिकामा भएको गुण भनेकै पूर्वाग्रह विना खुला विचार र सरल मनले सबै कुरा स्वीकार्न सक्नु हो । अनि परिपक्व को रहेछ त ? झिनामसिना कुराहरूमा अल्झेर एकअर्कासित ईर्ष्या र रिस गरेर वर्षौं भित्रभित्रै जलेर बिताउने हामी वयस्क वा सजिलै आफ्ना गल्ती स्वीकार्ने अनि अरूको गल्तीलाई पनि माफी दिएर हकुना मटाटा भन्दै अघि बढ्ने बालबालिका ? नोस्टाल्जिया अर्थात् अतीतको वा विगतको सम्झनाले हामीलाई केही क्षण खुसी प्रदान गर्दछ किनभने अतीतले हामीलाई हाम्रो स्वयम्को असली रूपसित मेल गराउँछ र हामी कस्तो थियौं र अहिले परिवर्तन भएर कस्ता भएका छौं भन्ने कुराको बोध गराउँछ । त्यसैले त हामीलाई पीङमा चचहुइ गर्ने, खोलामा हामफाल्ने, रूखमा चढेर अम्बा टिपेर टोक्ने र गुच्चा खेल्ने कुरा सम्झँदैमा रोमाञ्चक बनाउँछ अनि बाल्यकालमा बिताएको गाउँको घर पुग्दा वा स्कुलको कुनै साथी भेट्दा आँखा रसाउने गर्छ ।

बाल्यकालमा हामी कति निष्फिक्री हुने गर्दथ्यौं, हामीसँग कति धेरै ‘के’, ‘किन’ र ‘कसरी’ जस्ता कहिल्यै नसकिने प्रश्नहरू हुने गर्दथे । तर आजकल हामीसित त्यस्ता प्रश्नहरू हुँदैनन् र भए तापनि अधिकांश अनुत्तरित नै रहन्छन् । प्रश्न गर्दा नजानेको र अपरिपक्वको संज्ञा पाइने डर र त्योभन्दा बढी परिपक्व र बुद्धिमानको मुखौटाभित्र लुकेका हामी प्रश्न नै गर्दैनौं । फलस्वरूप, बाल्यकालमा धेरै रोचक र रोमाञ्चक लाग्ने कुराहरू अब उमेर बढ्दै जाँदा सामान्य जस्ता लाग्दछन् । हामीमा भएका जिज्ञासाहरू विस्तारै घट्दै जान्छन् । भनेपछि, हामीले बाल पुस्तक पढ्न त झनै जरूरी पो रहेछ । तर हामी व्यसकलाई बाल कथा पढ्नबाट रोक्ने प्रमुख कारण त्यसमा भएको विषयवस्तु नै होइन त ? केही बालकथामा भएका विषयवस्तुका उदाहरण हेरौं है त ! ‘द हार्ट एन्ड द बोटल’ आफ्नो प्यारो हजुरबुवाको मृत्यु पछिको पीडासँग जुध्दै गरेकी पात्रको कथा हो । ‘सानी पोची’ कथामा परिवारको दबाबमा आएर आफ्ना इच्छाहरूलाई मार्नुको सट्टा आफूलाई खुसी दिने काम गर्ने साहसिली पात्रको कथा हो । ‘मेरो रातो कथा’ ले महिनावारी सम्बन्धी समाजमा भएका रुढिवादी विचारधाराहरूलाई समाप्त पार्ने जमर्को गर्दछ । ‘धुमधामको घुमघाम’ कथा नेपालको सांस्कृतिक र भौगोलिक विविधता र त्यहाँ पाइने जीवजन्तुको जानकारीले भरिपूर्ण छ । ल हेर्नुस् त, बालबालिकाका कथाका विषयवस्तु वास्तवमा कति जटिल र महत्वपूर्ण हुँदा रहेछन् । यी बाहेक बालकथाहरूले समावेशीकरण, पहिचान र जलवायु परिवर्तन जस्ता विषयवस्तुलाई पनि समेटेका हुन्छन् । तपाईंलाई लाग्न सक्छ कि कम संख्यामा हुने वाक्य र सरल शब्दहरूले कसरी यस्ता जटिल विषयबारे बुझाउन सकिन्छ ? एकदम सही कुरा । बालपुस्तकको सबैभन्दा बलियो पक्ष भनेकै त्यसमा प्रयोग हुने सरल भाषा र प्रस्तुति हो । आफ्नो भनाइलाई प्रभावकारी बनाउन तपाईंले लामा, कठिन शब्द र वाक्यहरू लेख्नुपर्दैन । त्यही कारण ‘द काइट रनर’ र ‘थाउजन्ड स्प्लेन्डिड सन’ जस्ता पुस्तकहरूका अन्तर्राष्ट्रिय बेस्ट सेलिंग लेखक खालिद होसेनीले सिरियन शरणार्थी संकटको प्रतिक्रियाको रूपमा लेखिएको कृति ‘सी प्रेयर’ लाई बाल कथाको पुस्तक जस्तो गरी एक दुइटा मात्र वाक्यहरू र चित्रै चित्रले भरिएका पानाहरूको रूपमा प्रकाशित गरे कि ? त्यस्तै, ठूलाका लागि लेख्ने अर्का विश्व प्रसिद्ध लेखक यूभाल नोआह हरारीले किन त ‘अन्स्टोप्पेबल अस’ मार्फत प्राइमेटको रूपबाट प्रमुख प्रजाति बन्न पुगेका र ग्रहहरूको अस्तित्वको लागि खतरा बनेका हामी मानिसका जटिल र ठूला विषय बालबालिकाका लागि भनेर कथाको रूपमा लेखे ? यहाँ बुझ्न जरूरी कुरा के हो भने, बालसाहित्यका लक्षित पाठकहरू बालबालिका मात्र हुन् भन्ने होइन । सुन्दा अपत्यारिलो लाग्न सक्छ तर वयस्कका लागि लेखिएका लामा-लामा कथाहरूले पार्न नसक्ने प्रभाव बालसाहित्यका पुस्तकहरूले पाठकहरूमा सजिलै पार्न सक्छन् र संसारप्रति हेर्ने दृष्टिकोण बदल्नुका साथै एउटा आकार दिन पनि मद्दत गर्दछन् ।

बालकथाको विशेषता त्यति मात्र कहाँ हो र ! गजबको वर्णनात्मक शैलीमा लेखिएका संसारभित्र र बाहिरका वास्तविक तथा काल्पनिक कथाहरू, अनौठा र रमाइला पात्रहरूसँगको परिचय, अब के होला भन्ने कौतूहलले दिमागै रन्फनाएर शरीर जिरिङ्ग पार्ने रहस्यमयी प्लट ट्विस्टहरू, गाला दुख्ने र पेट फुट्ने गरी हँसाउने संवादहरू, थाहै नपाई नयाँ कुराहरूको अनुभूति गराउने घटनाहरू अनि ती लेखिएका अक्षरहरूले समेट्न नसकेका कुराहरूलाई सुन्दर तरिकाले कोरिएका रङ्गीन चित्रहरूसँग साक्षात्कार गराउनु पनि हो । त्यसो हो भने एउटा वयस्कको निम्ति लेखिएको र बालबालिकाको लागि लेखिएको कथामा के फरक छ त ? वयस्कहरूको लागि लेखिएका कथाहरू बालकथाहरू भन्दा यो अर्थमा फरक छन् कि वयस्कका कथाहरूमा भएका त्यस्ता समस्याहरू बोकेका विषयवस्तुहरूसित हामीले रिलेट त गर्न सक्छौं तर ती समस्याहरूको कुनै समाधान नभेट्न पनि सक्छौं । कथाको अन्त्य हुँदासम्म पाठक झनै धेरै अन्योल र अनुत्तरित प्रश्नहरूको थुप्रोको बोझले दबिन सक्छ । तर बालकथाहरूले यी जीवनका जटिल विषयहरूसँग कसरी जुध्ने र सकारात्मक तरिकाले कसरी अघि बढ्ने भन्ने कुराको समाधान पनि दिन्छ र सबैभन्दा जरूरी कुरा त्यो समाधान कथामा पात्र आफूले खोजेको हुन्छ । त्यस्तो हुनुको कारण बालबालिकाले सानै उमेरदेखि जीवन सैर्षशील छ तर ती संघर्षहरूसित जुध्न सक्ने शक्ति हामीभित्रै निहित छ भन्ने कुरा बुझाउनु हो । साथै दया, माया र क्षमा जस्ता गुणहरूले नै संसारमा सुख र शान्ति ल्याउँछ भन्ने कुरा सिकाउनु पनि हो । समय बित्दै जाँदा अझै पनि कतिपय बालकथाहरू नैतिकताबाट प्रेरित नभएका होइनन् तर तिनको प्रस्तुतीकरणमा भने पक्कै पनि परिवर्तन आएको छ । विषयवस्तु, लेखनशैली र पात्रहरू अत्यधिक मात्रामा परिमार्जन भएर आएका छन् । विषयवस्तुका आधारमा नै हेर्ने हो भने पनि बालपुस्तकहरूले आशा, डर, असफलता, प्रेम र मित्रता जस्ता विषयवस्तुदेखि लिएर लैङ्गिकता, व्यक्तिवाद, मानसिक र शारीरिक आघात जस्ता जटिल तर महत्वपूर्ण अवधारणाहरूको उठान गर्ने र सजिलो भाषामा बुझाउने काम गर्दछन् । त्यसैगरी प्रायः वयस्कका लागि लेखिएका पुस्तकहरूमा प्रतिनिधित्वको सन्दर्भमा ठूलो असमानता भएको गुनासो पटक-पटक सुनिन्छ भने बालपुस्तकहरूमा यो समस्या कम देखिन्छ । फेरि कथा सधैं नैतिक शिक्षाले भरिएका वा कुनै ज्ञान दिनैपर्छ भन्ने पनि अनिवार्य छैन । हास्यास्पद र सामान्य खालका कथाहरू पनि चाहिन्छ, पढ्नुपर्दछ ।

*-अनलाइन खबर डटकम*

# आज निर्वाचन दिवस मनाइँदै

**पाल्पा,** फागुन ६/आज आठौं निर्वाचन दिवस मनाइँदै छ । विक्रम संवत् २०१५ फागुन ७ गते नेपालमा पहिलो पटक आम निर्वाचन प्रारम्भ भई बालिग नेपाली मतदाताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न पाएको महत्वपूर्ण दिनको स्मरण गर्दै निर्वाचन दिवस मनाउने गरिएको हो ।

नेपालले वि.सं. २०७३ देखि फागुन ७ गते निर्वाचन दिवस मनाउन थालेको पाइन्छ । आयोगले 'निर्वाचनमा सबै सधैँ सँगै' भन्ने नारालाई सार्थक बनाउन सबैको निरन्तर सहयोग, साझेदारी, सहकार्य र समन्वय अझ मजबुत हुनेछ भन्ने विश्वास लिएको छ । आयोगसँग निर्वाचन व्यवस्थापनका साढे ६ दशकभन्दा लामो सफल प्रेरणादायी अनुभव र गौरवमय इतिहास छ । मुलुकको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, जनतामा निहित सार्वभौमसत्ता, बालिग मताधिकार, आवधिक निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको संवैधानिक जिम्मेवारी आयोगले प्राप्त गरेको छ । आयोगले निष्पक्षता, स्वतन्त्रता, व्यावसायिकता र विश्वसनीयता प्रत्याभूतिसहित निर्वाचन व्यवस्थापन गर्दै आएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र, जनतामा निहित




सार्वभौमसत्ता आवधिक निर्वाचन, बालिग मताधिकार र जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको जगमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक जिम्मेवारी आयोगले कुशलतापूर्वक सम्पादन गरेको छ । पहिलो आम निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाइ बहुमत अर्थात ७४ सिट प्राप्त गरेका थिए । उक्त निर्वाचनमा १६ वटा राजनीतिक दलले भाग लिएका थिए । लोकतन्त्रको मेरुदण्डका रुपमा रहेको आवधिक निर्वाचन प्रारम्भ भएको ५८ वर्षपछि आयोगले पहिलो पटक विसं २०७३ देखि फागुन ७ गते भव्यताका साथ दिवस मनाउने तयारी गरेको थियो । दिवसका अवसरमा आयोगले प्रभातफेरी, अन्तरसंवाद जस्ता कार्यक्रम तय गरेको जनाएको छ । निर्वाचन दिवसलाई कसरी भव्य र सभ्य तुल्याउने भन्नेबारेमा आयोग विभिन्न तयारीमा जुटिरहेको बताइएको छ ।

## आज प्रजातन्त्र दिवस...

...प्रजापरिषद् नामक राजनीतिक दल भूमिगत रूपमा स्थापना गरी प्रजातन्त्र स्थापनाका लागि जनतामा जागरण ल्याएको अभियोगमा उनीहरुलाई तत्कालीन राणा शासकले मृत्युदण्ड दिएको थियो । जहाँनियाँ राणा शासनविरुद्ध जनताले आन्दोलन गरी रगत बगाएपछि राणा शासक जनतासमक्ष घुँडा टेक्न बाध्य भई २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको घोषणा गरिएको हो । तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र कांग्रेस सम्मिलित सरकार गठन भई नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भएको थियो । फागुन ७ मा प्रजातन्त्र स्थापना भएको सम्झनामा सरकारले औपचारिक कार्यक्रमको आयोजना गरी विशेषरूपमा यो दिवस मनाउँदै आएको छ । सबै जिल्लामा पनि यो दिवस मनाइँदै आएको छ । दिवसका अवसरमा प्रजातन्त्र दिवस केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक कार्यक्रमको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाइएको छ ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयका छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र एवं घर-घरमा दीप प्रज्ज्वलन गरिनेछ । सबै जिल्लाहरूमा सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । सरकारले सातै प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय 'राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति' र सबै स्थानीय तहमा 'राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति' गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन प्रदेशबासीलाई यस अघि नै अनुरोध गरेको थियो ।


## प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं

- प्रजातन्त्रको मूल मर्म मानव अधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ ।

त्यसैले,
प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं ।

*७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


खेलकुद समाचार

## फ्रेन्च लिग-१ फुटबलमा पीएसजीको जित



**काठमाडौं,** फागुन ६/फ्रेन्च लिग वान फुटबलमा पेरिस सेन्ट जर्मेइन पीएसजी विजयी भएको छ । शीर्ष स्थानको पीएसजीले नान्टेसलाई २-० गोल अन्तरले पराजित गरेको हो ।

पीएसजीको जितमा हर्नान्डेज र एम्बाप्पेले एक गोल गोल गरेका थिए । लुकास हर्नान्डेजले ६० औँ मिनेटमा गोल गर्दै पीएसजीलाई अग्रता दिलाए । ७८ औँ मिनेटमा केलियन एम्बाप्पेले पेनाल्टीमा गोल गरेपछि पीएसजी २-० को सहज जित निकाल्न सफल भयो । जितपछि शीर्ष स्थानको पीएसजीले ५३ अंक बनाएको छ । पराजित भएको नान्टेस २२ अंकका साथ १३ औँ स्थानमा छ । पीएसजीले दोस्रो स्थानमा रहको नाइसलाई १४ अंकले पछि पारेको छ । फ्रेन्च लिगकै अर्को खेलमा लिलेले लीहाभ्रेलाई ३-० गोल अन्तरले पराजित गर्न सफल भयो । लिलेको जितमा जोनाथन डेभिडले ह्याट्रिक गरेका थिए । उनले १४, ४४ औँ र ४९ औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन् । जितसँगै लिले ३८ अंकका साथ तालिकाको तेस्रो स्थानमा रहेको छ भने लि हाभ्रे २४ अंकका साथ १२ औँ स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## पहिलो दिन नै नेप्सेमा गिरावट



**पाल्पा,** फागुन ६/सेयर कारोबार साताको पहिलो दिन आइतबार नेप्से परिसूचकमा दोहोरो अंकले गिरावट आएको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार परिसूचक २७ दशमलव २१ अंकले गिरावट आएको हो ।

नेप्से ओरालो लागेसँगै दुई हजार ३४ दशमलव ८२ मा सीमित भएको छ । सो अवधिमा ३ सय १५ कम्पनीको १ करोड ७ लाख ७२ हजार ४ सय ८३ कित्ता सेयर ३ अर्ब ७७ करोड ५४ लाख २२ हजार १ सय ९६ रुपैयाँमा खरिदबिक्री भए । दोहोरो अंकले घटेको बजारमा दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बोटलर्स नेपाल र समाज लघुवित्त वित्तीयको सेयर १० प्रतिशतले बढेको हो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ३५ अंकले ओरालो लागेर तीन सय ६५ दशमलव २० मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ । कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको ४० करोड ९० लाख बराबरको कारोबार भयो । एनआइसी एशिया बैंक १३ करोड ६५ लाख ६४ हजार एक सय ४०, जोशी हाइड्रोपावर रु १० करोड १४ लाख एक सय ९२, सगरमाथा जलविद्युत कम्पनी नौ करोड २७ लाख ९३ हजार पाँच सय ९८ र युनियन हाइड्रोपावर सात करोड ६१ लाख १८ हजार एक सय सात मूल्यमा खरिद बिक्री भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । किसान लघुवित्त आठ दशमलव २२, युनियन हाइड्रोपावर छ दशमलव ६५ र आशा लघुवित्तका लगानीकर्ताले छ दशमलव शून्य चार प्रतिशतले कमाएका छन् । त्यस्तै, सामलिङ पावर आठ दशमलव २१, दोर्दी खोला जलविद्युत् कम्पनी छ दशमलव १५, पाँचथर पावर कम्पनी पाँच दशमलव ९१, बाराही हाइड्रोपावर पाँच दशमलव ८२ र एनआइसी एशिया ग्रोथ फण्डका लगानीकर्ताले पाँच दशमलव ६१ प्रतिशतले गुमाएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई